# निक्षेप तथा कर्जा सुरक्षण कोष

## कार्यक्रम आयोजक

# 36th ACSIC Conference Nepal 2024

कार्यक्रम–प्रतिवेदन

## सांस्कृतिक कार्यक्रम प्रस्तुत कर्ता

सांस्कृतिक संस्थान

(राष्ट्रिय नाचघर)

जमल, काठमाडौं ।

# सांस्कृतिक संस्थान

संस्थानको परिचय:

वि.सं २०१६ सालमा अवधारणा निर्माण गरी वि.सं २०१८ सालमा स्थापित ‘राष्ट्रिय नाचघर’लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित “सांस्कृतिक संस्थान”को रुपमा स्थापना भएको संस्थान नेपाल सरकारको संस्कृति सम्बन्धी एकमात्र आधिकारिक एवम् ज्येष्ठ निकाय हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृतिको संरक्षण, संवद्र्धन, प्रवद्र्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ ।

सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य नेपालको पहिचानयुक्त लोकगीत, लोकवाद्य, लोकनृत्य, लोकनाटक एवम् समग्र लोसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रुपमा संरक्षण र विकास गर्नु तथा सभ्य समाज निर्माणका लागि लोकपरम्परा अनुसार चल्दै आएका सामाजिक न्याययुक्त लोकसंस्कृतिको शिरोपर गर्दै जागरण संस्कृति मार्फत असल संस्कृतिको समाजमा सम्प्रेषण एवम् पुस्तान्तरण गर्नु हो । संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, कुप्रथा, विकृति, विसंगति, रुढिवादी सोच, अन्धविश्वास, भेदभाव, शोषण, दमन, हिंसा, अन्याय–अत्याचार तथा विविध बेथिति निर्मूल पार्न समाजमा नैतिक शिक्षा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा विशेष योगदान पुर्याएको छ ।

विगतदेखि सांस्कृतिक संस्थानले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवद्र्धन, प्रवद्र्धन र पुस्तान्तरणका लागि गायन, वादन, नृत्य तथा नाट्य अभिनय जस्ता विद्याहरुमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । लक्ष्य र उद्देश्य प्राप्तिका लागि संस्थानले कार्यक्रम तथा योजना शाखा, प्रशासन शाखा, गायन शाखा, वाद्यवादन शाखा, नृत्य शाखा, नाटक शाखा, हल शाखा, लेखा शाखा, भण्डार शाखा र अभिलेख शाखा गरी १० वटा शाखा स्थापना गरी आफ्ना नीति तथा कार्यक्रमहरु प्रभावकारी ढंगले सम्पादन गर्दै आएको

छ । नेपाल सरकारको शिक्षालाई व्यावहारिक बनाउने नीति तथा कार्यक्रमलाई सफल पार्नका निम्ति संस्थानले विगतदेखि विभिन्न तहका पाठ्यक्रममा आधारित नाटक, उपन्यास, कथा, एकाङ्की तथा काव्य रचनालाई नाटक एवम् गीति नाटकका रुपमा मञ्चन गरी प्रदर्शन गर्दै आएको छ । साथै संस्थानले आफ्नो लक्ष्य र उद्देश्य मिल्ने सरकारी एवम् गैरसरकारी निकायसँग समन्वय र सहकार्यमा संस्कृति सम्बन्धी कार्यक्रमहरु पनि गर्दै आएको छ ।

सांस्कृतिक संस्थानसँग ठूलो प्रेक्षालय, मिनी प्रक्षालय, सेमिनार हल र अभ्यास कक्षाहरुका लागि हल रहेका छन् । संस्थानले माथि उल्लेखित हलहरु सरकारी एवम् गैरसरकारी संघसंस्थालाई भाडामा उपलब्ध गराउने गरेको छ । संस्थानको मूख्य हल मेघा हलमा ७०० सिट भन्दा बढी क्षमता रहेको छ । संस्थानको मिनी हल प्रेक्षालयमा १०४ सिट भन्दा बढी क्षमता रहेको छ । सेमिनार तथा अभ्यास कक्षामा ५० भन्दा बढी क्षमता रहेको छ ।

हालसम्म श्री इन्द्रप्रसाद काफ्लेज्यू, श्री नारायण गोपालज्यू, श्री गणेश रसिकज्यू, श्री रमेश ताम्राकारज्यू, श्री नारायणभक्त श्रेष्ठ (रायन) ज्यू, श्री हरिहर शर्माज्यू, श्री लक्ष्मण रायमाझीज्यू, श्री भूपाल राई ज्यू, श्री नरेश पौडेलज्यू, श्री शालिकराम तिमल्सिनाज्यू, श्री राजेश थापाज्यू र श्री अशोककुमार राईज्यूले महाप्रबन्धकका रुपमा सांस्कृतिक संस्थानको नेतृत्व सम्हालिसक्नु भएको छ । वि.सं २०८० माघ ०३ गतेदेखि श्री किरण बाबु पुनज्यू सांस्कृतिक संस्थानको महाप्रबन्धक हुनुहुन्छ । एक देखी नवौं तहसम्मका ५६ जना कर्मचारीको दरबन्दी रहेको संस्थानको प्रधान कार्यालय काठमाडौंको जमलमा रहेको छ ।

संस्थानको उद्देश्य:

१) नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका महत्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य बिशेष अवसरमा राष्ट्रको पहिचान तथा अस्तित्व झल्किने लोक सांस्कृतिक कार्यक्रम उत्पादन तथा प्रदर्शन गर्ने ।
२) सांस्कृतिक जागरण गराई स्वस्थ मनोरञ्जन दिने ।

३) नेपालको मौलिक लोकसंस्कृतिलाई विश्वमाझ चिनाउने ।

४) देशभरका लोकसंस्कृतिकर्मी एवं कलाकारलाई चलायमान बनाउने ।

५) नयाँ प्रतिभाको खोजी गरी गायन, वाद्यवादन, नृत्य तथा अभिनय लगायतका विभिन्न विधामा प्रशिक्षण दिने ।

६) लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, प्रवद्र्धन एवम् दस्तावेजीकरण गर्ने ।

७) नेपाली लोककला र लोकसंस्कृतिको जगेर्ना गर्दै लोकपरम्पराको विकास एवम् विस्तार गर्ने ।

८) नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएको मुलुकसँग सांस्कृतिक आदानप्रदान गर्ने ।

९) नेपालको लोकगीत, लोकवाद्य, लोकनृत्य र लोकनाटकको विकास गर्न प्रस्तुतिका माध्यमद्वारा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक राष्ट्र नेपाल र नेपालीहरुका बीचमा समानता, समावेशीता, धार्मिक सहिष्णुता तथा भातृत्वको भावनाको विकास गर्ने ।

१०) संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रुपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने ।

कार्यक्रमको नाम: 36th ACSIC Conference Nepal 2024
मा आउने पाहुनाहरुको स्वागतमा विशेष सांस्कृतिक कार्यक्रम

कार्यक्रमको उद्देश्य:

विदेशबाट आउने पाहुनाहरुलाई नेपाली संस्कृतिको पहिचान गराउने, नेपाली लोक कला र संस्कृतिको प्रचार प्रसार गराउनुका साथै पाहुनाहरुलाई मनोरञ्जन दिनु कार्यक्रमको उद्देश्य रहेको थियो

कार्यक्रमको आयोजक :- निक्षेप तथा कर्जा सुरक्षण कोष

प्रस्तति :- सांस्कृतिक संस्थान

कार्यक्रमका प्रमुख अतिथि:- २०८१ असोज ४ गते
मानननीय उपप्रधान तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेल

कार्यक्रम भएको समय :- दिउँसो ५:०० बजे देखि साँझ ८:०० बजे सम्म

कार्यक्रम स्थल :- सोल्टी होटल

कार्यक्रमको अवधि :- करिव ३ घण्टा

कार्यक्रममा प्रस्तुती:-

१. पञ्चे बाजा

२. परेड कार्यक्रम :- क) धुन्या र धिमे बाजा समूह
ख) लाखे
ग) धिमे बाजा समूह
घ) बाँसुरी बाजा समूह

३. कुमारी नृत्य

४. पञ्चबुद्ध

५. धिमे नृत्य

६. घिन्तामे नृत्य

२०८१ असोज ६ गते:-
कार्यक्रमका प्रमुख अतिथि:- ललितपुर महानगरपालिकाको मेयर, श्री चिरि बाबु महर्जन।
कार्यक्रम भएको मिति:- २०८१।०६।०४ र २०८१।०६।०६
मिति:- २०८१।०६।०६
कार्यक्रम भएको समय:- दिउँसो ६:०० बजे देखि साँझ ८:०० बजे सम्म

कार्यक्रम स्थल :- पाटन दरबार स्क्वायर
कार्यक्रमको अवधि:- करिव २ घण्टा
कार्यक्रममा प्रस्तुति:-

१. मञ्जुश्री नृत्य
२. धुन
३. स्याब्रु नृत्य
४. मयुर नृत्य
५. भोजपुरी नृत्य
६. बनगारी (टप्पा) नृत्य
७. झाक्री नृत्य
८. पश्चिम कोही पूर्व घर गीतमा नृत्य